सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ संख्या : १३ मिति : मंसिर ११ गते, २०७६

## भाग –२

## सिद्धार्थनगर नगरपालिका

# भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी अक्षयकोष कार्यविधि २०७६

**प्रस्तावना :** नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिमको अनुसूची ८ को क्र.सं. २२ मा उल्लेखित भाषा, संस्कृति र ललति कलाको संरक्षण र विकासको लागि आवश्यक व्यवस्था गर्न वान्छनीय भएकाले उल्लिखित विषयमा सिद्धार्थनगर क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति/संस्थालाई पुरस्कृत तथा सम्मान गर्ने उद्देश्य राखी नगरपालिकाबाट स्थापना गरिएको भाषा, साहित्य, कला र संस्कृति सम्बन्धी अक्षयकोषलाई व्यवस्थित गर्दै पुरस्कार र सम्मान कार्यलाई सञ्चालन गर्न यो कार्यविधि बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी अक्षयकोष कार्यविधि २०७६" रहेको छ ।

(ख) यो कार्यविधि सिद्धार्थनगर नगरपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरे पश्चात् लागु हुनेछ ।

(ग) अक्षयकोषको नाम यस कोषको नाम "भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी अक्षयकोष" रहनेछ ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कोष" भन्नाले भाषा, संस्कृति तथा साहित्यसम्बन्धी अक्षयकोषलाई सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ग) "सहयोग" भन्नाले यस कोषलाई सरकारी, गैरसरकारी संघसंस्था, निकाय, व्यक्ति आदिबाट प्राप्त सहयोग र कमलाई जनाउँछ ।

(घ) "भाषा" भन्नाले मानिसले सामाजिक व्यवहार आदि सम्पन्न गर्ने विचार विनिमयको मुख्य माध्यम भन्ने बुझिन्छ ।

(ङ) "साहित्य" भन्नाले सिर्जनात्मक र समालोचनात्मक साहित्य भन्ने बुझिन्छ ।

(च) "कला" भन्नाले मूर्तिकला, चित्रकला, काष्ठकला, वाद्यवादन, गायन, नृत्य, अभिनय सङ्गीत आदि मूर्त र अमूर्त कला भन्ने बुझिन्छ ।

(छ) "संस्कृति" भन्नाले नागरिकका बीचमा परम्परादेखि चलिआएका प्रथा, रितीरिवाज, चालचलन, विचारधारा र विश्वास भन्ने बुझिन्छ ।

(ज) "भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी पुरस्कार" भन्नाले दफा ७ बमोजिमको क्षेत्रमा योगदान दिएको तथा सोही क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई प्रदान गर्ने पुरस्कार तथा सम्मानलाई बुझाउँछ ।

४. **कोषको स्थापना :** सिद्धार्थनगर नगरपालिकाबाट भाषा, संस्कृति र साहित्य सम्बन्धी पुरस्कार र सम्मानार्थ अक्षयकोष स्थापना गरिएको छ । यसमा देहायबमोजिमका रकमहरु रहनेछन् :

(क) नगरपालिकाबाट प्राप्त रकम

(ख) संघ र प्रदेश सरकारबाट प्राप्त रकम

(ग) संस्थागत तथा व्यक्तिगत सहयोग रकम

(घ) अन्य रकम

५. **अक्षयकोष व्यवस्थापन समिति**

निम्नअनुसारको एक अक्षयकोष व्यवस्थापन समिति रहनेछ :

(क) नगर प्रमुख – अध्यक्ष

(ख) उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको कार्यपालिकाका सदस्य मध्येबाट १ जना – सदस्य

(ङ) सम्बन्धित क्षेत्रबाट समितिले मनोनयन गरेका १ (एक) जना महिला सहित २ जना – सदस्य

(च) शिक्षाशाखा प्रमुख – सदस्य सचिव

नोट : आवश्यकताअनुसार बैठकमा आमन्त्रित सदस्य राख्न सकिनेछ ।

## ६. समितिको कामकर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कोष वृद्धिको पहल गर्ने ।

(ख) कोषको रकमलाई सुरक्षित ढंगबाट परिचालन गर्ने ।

(ग) कोष स्थापनाको उद्देश्यअनुसारका पात्रलाई छनौट गरी सम्मान र पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

(घ) कोषको दायरालाई फराकिलो बनाउँदै लैजान आवश्यक पहल गर्ने ।

(ङ) पुरस्कार छनौट सिफारिश उपसमिति गठन गर्न सकिनेछ ।

(च) समितिले आफ्नो कार्यविधी आफै बनाई कार्यान्वयन गर्न सक्नेछ ।

## ७. लक्षित क्षेत्र

(क) भाषा

(ख) साहित्य

(ग) कला

(घ) संस्कृति

## ८. पुरस्कार तथा सम्मानको छनौट गर्ने आधारहरू

पुस्कार तथा सम्मानको छनौटका आधारहरु निम्नानुसार हुनेछन् :

(क) भाषा : यस क्षेत्रमा रहेका/प्रचलित भाषाको मौलिक व्याकरण लेखन अनुसन्धान वा भाषा सम्बन्धी उल्लेख्य प्राज्ञिक कार्य गरी सिद्धार्थनगर क्षेत्रका भाषाहरुको संरक्षण र सम्बर्द्धनमा योगदान दिएको ।

(ख) साहित्य : सिद्धार्थनगरमा केन्द्रित भई साहित्य क्षेत्रमा देहायबमो जिमका विधामा योगदान दिएको –

१. कविता – फुटकर कविता, मुक्तक, हाइकु, गीत, गजल, काव्य, खण्डकाव्य, महाकाव्य आदि लयात्मक विधा।

२. आख्यान – लघुकथा, कथा, उपन्यास आदि आख्यानात्मक विधा।

३. नाटक– नाटक, एकाङ्की आदि दृश्यविधा वा अभिनयविधा।

४. निबन्ध – निबन्ध, नियात्रा, यात्रा संस्मरण जीवनी, आत्मकथा आदि विचार प्रधान विधा।

५. समालोचनात्मक साहित्य– समालोचना, समीक्षा, विवेचना, विमर्श, भूमिका, टिप्पणी आदि समालोचनात्मक विधा।

(ग) कला : सिद्धार्थनगरमा स्थायी बसोबास गरी कलात्मक आर्कषक मनमोहक मूर्ति (काठ, धातु, प्रस्तर, कागजबाट) चित्र, जलरंग चित्र, तैलचित्रहरू बनाएको।

(घ) संस्कृति : सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान, खोज गरी प्राज्ञिक कार्य गरी सिद्धार्थनगर क्षेत्रको संस्कृति क्षेत्रमा योगदान पुर्‍याएको।

## ९. मूल्याङ्कनका आधारहरू

भाषा, साहिन्य, कला, संस्कृतिका क्षेत्रमा योगदान गर्ने व्यक्ति वा संस्थालाई सम्मान गर्दा वा पुरस्कार अर्पण गर्दा तपसिल बमोजिमका आधारमा मूल्याङ्कन गरिनेछ।

(क) यस नगरक्षेत्रमा अविच्छिन्न रुपमा कम्तीमा ५ वर्ष भाषा वा साहित्य वा कला वा संस्कृतिका क्षेत्रमा योगदान पुर्‍याएको।

(ख) यस नगरमा जन्मी अन्यत्र रहेर योगदान गरेको वा अन्यत्र जन्मे पनि यस नगरमा स्थायी बसोबास गरी योगदान गरेको।

(ग) स्वस्थ आलोचना र रचनात्मक सुझाव ग्राह्य भए पनि नगरपालिकाले गरेका कार्यको पूर्वाग्रहपूर्ण तरिकाले अभिव्यक्ति गरेको हुन नहुने ।

स्पष्टिकरण: योगदान गरेको भन्नाले सामन्यतया त्यस क्षेत्रको पुस्तकाकार कृति प्रकाशन भएको भन्ने बुझिन्छ । बढी कृति प्रकाशन भएको भए त्यसले प्राथमिकता पाउनेछ, तर पुस्तकाकार कृति प्रकाशन नगरेको भए पनि फुटकर रूपमा यथेष्ठ उत्कृष्ट रचना प्रकाशित भएको भए त्यो पनि मूल्याङ्कनभित्र पर्नेछ ।

१०. मूल्याङ्कनमा अङ्क विभाजन : यसै कार्यविधिको दफा ९ बमोजिमको अधारमा गरिएको मूल्याङ्कन गर्दा देहायबमोजिमको अङ्क विभाजन गरी मूल्याङ्कन गरिनेछ ।

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | सिर्जनात्मक उत्कृष्टता र सङ्ख्यात्मक योगदान | ४५ |
| २ | खोज/अनुसन्धान/समीक्षा | २० |
| ३ | सामाजिक विकृति, विसङ्गति, विभेद न्यूनीकरण गरी सामाजिक सद्भाव विकासमा कृतिका माध्यमबाट पुऱ्याएको योगदान | १० |
| ४. | नगरपालिकाले गरेका र गर्दै गरेका कामप्रतिको सकारात्मक दृष्टिकोण | १० |
| ५ | लगनशीलता र निरन्तरता | १५ |
| | जम्मा | १०० |

द्रष्टव्य :

१. सिर्जनात्मक उत्कृष्टता भन्नाले यस नगरक्षेत्रमा रही भाषा, साहित्य, कला, संस्कृतिका क्षेत्रमा नयाँ र मौलिक रचना वा सिर्जना भन्ने बुझिन्छ भने सङ्ख्यात्मक योगदान भन्नाले एकाधिक कृति प्रकाशन भन्ने बुझिन्छ । यसका लागि कम्तीमा एक उत्कृष्ट कृतिका लागि १० अङ्क र त्यसपछिको प्रति कृतिका लागि ५/५ अङ्क गरी कुल ४५ अङ्क प्रदान गर्ने ।

२. खोज/अनुसन्धान/समीक्षा भन्नाले आआफ्नो क्षेत्रमा नयाँ खोज वा अनुसन्धान गरी कृति प्रकाशन वा प्रस्तुत गरेको भन्ने बुझिन्छ । यसका लागि कम्तीमा एक उत्कृष्ट कृतिका लागि १० अङ्क र त्यसपछिको प्रति कृतिका लागि ५/५ अङ्क गरी कुल २० अङ्क प्रदान गर्ने ।

३. लगनशीलता र निरन्तरता भन्नाले आफ्नो क्षेत्रमा लागिरहेको भन्ने बुझिन्छ । यसका लागि ५ वर्षसम्मका लागि ५ र सो भन्दा माथि प्रतिवर्ष १ अङ्कले बढीमा १५ अङ्क प्रदान गर्ने ।

## ११. विविध

(क) प्रत्येक आर्थिक वर्षमा भाषा, संस्कृति, कला र साहित्यसम्बन्धी व्यवस्थापन समितिले छनौट गरेका व्यक्तिलाई अक्षयकोषबाट प्राप्त ब्याजबाट पुरस्कार तथा सम्मानपत्र प्रदान गर्नेछ ।

(ख) यस कार्यविधिबमोजिम भाषा, संस्कृति, कला र साहित्यसम्बन्धी पुरस्कार तथा सम्मानका लागि आवश्यक रकमको व्यवस्था सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालयले स्थापना गरेको भाषा, संस्कृति, कला र साहित्य सम्बन्धी अक्षयकोषबाट हुनेछ ।

(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा सम्बन्धित क्षेत्रहरू विज्ञसँगको परामर्शमा सिद्धार्थनगर नगरकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(घ) अक्षयकोष व्यवस्थापन भाषा, संस्कृति, कला र साहित्यसम्बन्धी सम्मान र पुरस्कारको प्रयोजनार्थ सम्बन्धित क्षेत्र बैठकको निर्णयानुसार सम्मानित हुने व्यक्तिहरूको न्यूनतम संख्या तोकी सिफारिस माग गर्न सक्नेछ ।

(ङ) कोषको खाता सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(च) अक्षय कोषको साँवा रकमलाई खर्च गर्न पाइने छैन ।

(छ) व्यवस्थापन समितिले पुरस्कृत गर्न छनौट गरेका नामावलीलाई कार्यपालिकाबाट स्वीकृत/अनुमोदन गरिनेछ ।

आज्ञाले,
तुल्सीराम मरासीनी
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका